Phone ☎ : +977 71 530133
Fax : +977 71 533698
E-mail : btibtl133@gmail.com

Training-Production

# बुटवल टेक्निकल इन्स्टिच्यूट
# Butwal Technical Institute

Butwal, Nepal
[Estd. 1963]

मिति : २०८०।०४।०७
प.च.नं. ०८ /०८०/८१

श्रीमान प्रमुख ज्यू
गौडहवा गाउँ पालिका ।

बिषय : सहयोग गरिदिने सम्बन्धमा ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) बाट सम्बन्धन प्राप्त यस इन्स्टिच्यूटमा शैक्षिक सत्र २०८०/८१ को लागि २ वर्षे (२४ महिने) प्रि- डिप्लोमा (एप्रेन्टिसेशिप) तहमा **मेकानिकल, इलेक्ट्रिकल र सिभिल (B&C) इन्जिनियरिङ्ग विषयहरुमा** भर्ना खुलेको सूचना त्यस क्षेत्र वरपर बसोबास गर्ने एस.एल.सी. उत्तीर्ण वा एस.ई.ई. मा जुनसुकै ग्रेडमा उत्तीर्ण नेपाली नागरिकहरुलाई जानकारी दिई सहयोग गरिदिनुहुन अनुरोध छ ।

बुटवल टेक्निकल इन्स्टिच्यूट (BTI) बि.सं. २०२० सालमा स्थापना भई शुरुवातकालदेखि दक्ष तथा कुशल प्राविधिक जनशक्ति उत्पादन गरी नेपालको औद्योगिक विकाशमा सहयोग पुऱ्याउदै आइरहेको व्यहोरा यहाँलाई जानकारी गराउदछौ । तत्कालिन श्री ५ को सरकार र युनाइटेड मिशन टु नेपाल (UMN) बीच सम्झौता भई विगत लामो समयसम्म सञ्चालनमा आएको यस इन्स्टिच्यूट हाल सम्झौता पश्चात बि.सं. २०६७ सालमा नेपाल सरकार उद्योग मन्त्रालयको पहल कदमीमा मुनाफा वितरण नगर्ने कम्पनीको रुपमा स्थापना भई प्रि-डिप्लोमा (२ वर्षे), सब-ओभरसियर (२ वर्षे) र डिप्लोमा (२+२ वर्षे) तहहरुमा विभिन्न प्राविधिक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

तालिम उत्तीर्ण बिद्यार्थीहरुलाई १००% रोजगारी गराउन सफल यस इन्स्टिच्यूटले शैक्षिक सत्र २०८०/८१ को लागि २ वर्षे (२४ महिने) प्रि- डिप्लोमा (एप्रेन्टिसेशिप) तहमा **मेकानिकल, इलेक्ट्रिकल र सिभिल (B&C) इन्जिनियरिङ्ग विषयहरुमा** भर्ना खुलाएको हुँदा दक्ष तथा कुशल प्राविधिज्ञ बन्ने अभिलाषा राखेका युवाहरु यस सुनौलो अवसरबाट नछुटुन् भन्ने हेतुले यस पत्र पत्राचार गरिएको छ ।

साथै, त्यस स्थानीय सरकारबाट युवा स्वरोजगारका लागि भएका पहल कदमीहरु उच्च सम्मान गर्दै आगामी दिनहरुमा समेत निरन्तर साथ र सहयोगको अपेक्षा राखेका छौं ।

सहयोगको लागि धन्यवाद ।

Panthey

ई. अभिमन्यु भीमार्जुन पन्थी
का.मु. कार्यकारी निर्देशक ।
**Er. Abhimanyu Bhimarjun Panthee**
**Act. Executive Director**

गौडहवा गाँउपालिका
दर्ता नं २०६
मिति २०८०।०४।११